नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

०८४-४२०१३३ प्र.जि.अ.
०८४-४२००९५ स.प्र.जि.अ./प्र.अ.
०८४-४२०१३२ प्र.अ.
०८४-४२०२७६ प्रशासन
०८४-४२०२४५ फ्याक्स
०८४-४२०९९९ DEOC
website:daobardiya.moha.gov.np
email:daobardiya@moha.gov.np
d_bardiya@yahoo.com
bardiyadeoc@gmail.com

**(कृतिम घटना अभ्यास)**

प.सं. ०७५।०७६
च.नं.

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय गुलरिया, बर्दिया

मितिः २०७६।०६।१४

बिषयः निर्णय उतार पठाइएको सम्बन्धमा ।

श्री गृह मन्त्रालय
विपद् पुर्वतयारी तथा प्रतिकार्य शाखा
राष्ट्रिय आपतकालिन कार्यसञ्चालन केन्द्र
सिहदरवार, काठमाडौ ।

मिति २०७६।०६।१४ गते बसेको जिल्ला विपद ब्यवस्थापन समितिको निर्णय तपशिल बमोजि उतार गरि आवश्यक जानकारी एवम् कार्यवाहीका लागि तहाँ पठाईएको ब्यहोरा अनुरोध छ ।

**निर्णयहरुः**

**निर्णय नं.१ः**
बाढी पूर्वानुमान तथा पुर्वसुचना वुलेटिन अनुसार ववई नदिमा लगातारको वर्षाका कारण नदिको वहाव क्रमस वढिरेहको र दुवै नदिमाको तल्लो तटिय क्षेत्रमा सर्तकता तह पार हुनसक्ने देखिएकोले ववई नदिमा त्यस नदिको तटिय क्षेत्रमा बसोबास गरिरहेका सबै समुदायलाई सुरक्षित रहि तयारी अवस्थामा रहनको अर्को सूचना प्राप्त नभएसम्म उच्च सतर्कताका साथ सुरक्षित स्थानमा रहन अनुरोध गर्ने ।

निर्णय नं.२ः
सबै DDMC का सदस्यहरुलाई विपद पुर्वतयारी तथा प्रतिकार्य योजना २०७६ अनुसार पुर्ण तयारी अवस्थामा बस्ने र सबै स्थानीय तह एवम सरोकारवाला निकाय तथा संघसस्थालाई पुर्व तयारीमा रहने ।

निर्णय नं.३ः
सवै स्थानिय तह, सरोकारवाल निकाय, सघसस्थावाट जिल्ला आपतकालिन कार्यसञ्चालन केन्द्रको समन्वयमा आ आफ्नो क्षेत्रवाट सहयोग जारी राख्ने र क्षतिको विवरण तत्कालै पठाउन अनुरोध गर्ने । साथै सवै स्थानिय तहहरुमा आकस्मिक टोली, सुचना तथा सञ्चार टोली , औषधी उपचार टोली, राहत वितरण तथा प्रारम्भिक द्रत लेखाजोखी टोली तयारी अवस्थामा रहनको लागि अनुरोध गर्ने ।

निर्णय नं.४
लगातार ववइ नदिको वहाव वढीरहेकोले र खतराको तहभन्दा माथी जानसक्ने पुर्वानुमान रहेकोले हेलिकप्टर तयारी अवस्थामा राख्नका लागि गृह मन्त्रालयमा अनुरोध गर्ने । सम्भावित वाढीका कारण जोखीममा रहेका मानीसहरुलाई उद्धार गर्न रवर वोट, लाइफ ज्याकेट, डोरी लगाएतका सामाग्री उद्धार कार्यमा सम्लग्न हुने जनशक्तिलाई समेत तयारी अवस्थामा राख्ने ।

निर्णय नं ५
यस जिल्लाको पुर्वानुमानमा आधारित वाढी पुर्वतयारीको लागि कार्यसञ्चालन विधीमा उल्लेख गरिएवमोजिमको तयारी गर्न सवै क्षेत्रगत अगुवाहरुलाई अनुरोध गर्ने ।

निर्णय नं ६
स्थानिय सवै एफएम रेडियो तथा स्थानिय पत्रपत्रिका, पत्रकारमार्फत वाढी पुर्वसुचनाको जानकारी गराउने ।

राम बहादुर कुरूम्वाङ्ग
प्रमुख जिल्ला अधिकारी